बैठक संख्या :- १४३
मिति : - २०८०।०५।२९, शुक्रबार
समय :- दिनको ४:०० बजे

कमलामाई नगर कार्यपालिका प्रमुख श्री उपेन्द्र कुमार पोखरेल ज्यू को अध्यक्षतामा निम्नानुसारको उपस्थीतिमा कार्यपालिकाको बैठक बस्यो ।

उपस्थिति

| | |
|---|---|
| श्री उपेन्द्र कुमार पोखरेल | नगर प्रमुख |
| श्री मन्जु देवकोटा | नगर उप-प्रमुख |
| श्री नरेश गोले | वडा अध्यक्ष १ |
| श्री ईन्द्र वाईवा | वडा अध्यक्ष २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडा अध्यक्ष ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडा अध्यक्ष ४ |
| श्री पुर्ण बहादुर खड्का | वडा अध्यक्ष ५ |
| श्री उज्ज्वल कुमार थापा | वडा अध्यक्ष ६ |
| श्री कर्ण बहादुर घिसिङ्ग | वडा अध्यक्ष ७ |
| श्री कोमल कुमार श्रेष्ठ | वडा अध्यक्ष ८ |
| श्री विनोद प्रधान | वडा अध्यक्ष ९ |
| श्री दिप बहादुर कार्की | वडा अध्यक्ष १० |
| श्री रामबहादुर थिङ | वडा अध्यक्ष ११ |
| श्री भिमबहादुर गुर्मछान | वडा अध्यक्ष १२ |
| श्री केशर बहादुर कार्की | वडा अध्यक्ष १३ |
| श्री राजन न्यौपाने | वडा अध्यक्ष १४ |
| श्री उमा विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री जमुना कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री देवि देवकोटा | कार्यपालिका सदस्य |
| श्री धन कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री भद्रीमाया हायु | कार्यपालिका सदस्य |
| श्री मान बहादुर दमाई | कार्यपालिका सदस्य |
| श्री राजन बहादुर भुजेल | कार्यपालिका सदस्य |
| श्री सुर्य प्रसाद दाहाल | सचिव (प्र.प्र.अ.) |

## प्रस्तावहरु:

१. आ.ब.२०७९/८० को बार्षीक समिक्षा सम्बन्धमा ।
२. हेफर र अन्य संघसंस्थासँग साझेदारी सम्बन्धमा ।
३. गौमती मा.वि. मा बर्देउठाकुर प्रा.वि. एकीकृत सम्बन्धमा ।
४. साकेतधाम प्रतिष्ठान नेपाल जेष्ठ नागरिक भवनको संचालन सम्बन्धमा ।
५. इन्धन उपलब्ध गराउँने सम्बन्धमा ।

## निर्णय:

निर्णय नं. १ : कमलामाई नगरपालिका क्षेत्र भित्र संचालित बजेट तथा कार्यक्रमको आ.व.२०७९/८० को वार्षिक समिक्षा बैठक मिति: २०८० असोज १४ र १५ गते बस्ने निर्णय गरियो ।

निर्णय नं. २ : कमलामाई नगरपालिका र हेफरवीच भएको सम्झौता अनुसार मिल्कीवे परियोजनाको लागि आर्थिक बर्ष २०८०/८१ मा विनियोजित बजेट साझेदारी रुपमा सञ्चालन गर्न अपुग भएको कारणले सघीय सरकार, प्रदेश सरकार र नगरपालिका क्षेत्रभित्र सञ्चालित अन्य गैरसरकारी संस्थाहरुसँग समेत साझेदारी रुपमा कार्य गर्नका लागि बजेट माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : कमलामाई नगरपालिका वडा नं. ७ स्थित श्री बर्देउठाकुर प्राथामिक विद्यालयमा विद्यार्थीको अभाव भएको कारणले गर्दा कमलामाई नगरपालिका वडा नं. ६ स्थित श्री गौमती माध्यामिक विद्यालयमा उक्त विद्यालयको बैक मौज्दात, चल, अचल सम्पती सहित श्री गौमती मा.वि.मा एकीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ४: कमलामाई नगरपालिका वडा नं. ९ स्थित साकेत धाम प्रतिष्ठान नेपालले ज्येष्ठ नागरिक भवन निर्माणको लागि उक्त वडाको पूर्वतर्फ भिमान खोला, पश्चिम तर्फ वी.पी. राजमार्गमा निर्माण हुने सेक्यूरिटी चेकपोष्ट, भिमानको गेट, उत्तरतर्फ भिमान वजार, बी.पी. राजमार्ग झर्ने बाटो, दक्षिणतर्फ रामप्रसाद बरालको जग्गा सिमाना क्षेत्रभित्र अन्दाजी एक विघा नगरपालिकाको अधिकारमा रहने गरी उक्त संस्था सञ्चालन गर्न दिने निर्णय गरियो ।

निर्णय नं. ५: कमलामाई नगरपालिकाको इन्धन शीर्षकमा सभाबाट विनियोजित बजेटबाट कार्यालयको आवश्यकता र कामको आधारमा इन्धन उपलब्ध गराउँदै आएकोमा नगरप्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतबाट नगरपालिकामा विभिन्न कामले आउँने पाहुँनाहरु तथा संघसंस्थाहरुलाई आवश्यकता र कामको आधारमा इन्धन उपलब्ध गराउँन सकिने र भएको खर्च सभावाट अनुमोदन गर्नुपर्ने निर्णय गरियो ।

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

सूर्य प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत